## अन्तर्वार्ता

# "फरक यौनिकता प्राकृतिक कुरा हो" – दुर्गा थापासँग अन्तर्वार्ता

**कुमुद राना**

वि.सं. २०४३ मा जन्मनुभएकी अभियन्ता तथा अनुसन्धानकर्ता दुर्गा थापा यौनिक तथा लैंगिक अल्पसंख्यकको आन्दोलनमा परिचित नाम हो । यो आन्दोलनलाई संगठित रूपमा नेतृत्व प्रदान गर्दै आएको नील हिरा समाजमा थापा विगत एक दशकदेखि सक्रिय रहँदै आउनुभएको छ । नेपालमा यौनिक तथा लैंगिक अल्पसंख्यकको पहिचान स्थापित गर्न, मुद्दालाई स्थानीय तहदेखि राष्ट्रिय-अन्तर्राष्ट्रिय तहसम्म पुऱ्याउने काममा उहाँको विशेष भूमिका छ । म्यान इन्गेजमेन्ट अलाइन्स नेपालको व्यवस्थापकीय समूहकी सदस्य रहनुभएकी थापा यौनिक तथा लैंगिक अल्पसंख्यक विद्यार्थी मञ्च नेपालको कार्यकारी बोर्डमा सक्रिय हुनुहुन्छ । थापाले त्रिभुवन विश्वविद्यालयबाट सन् २०१२ मा व्यवस्थापन विषयमा स्नातक र फिलिपिन्सको एशियन इन्स्टिच्यूट अफ मेनेजमेन्टबाट सन् २०१५ मा विकास व्यवस्थापनमा स्नातकोत्तर गर्नुभएको छ । उहाँसँग यौनिकता, नेपालको यौनिक तथा लैंगिक अल्पसंख्यकको आन्दोलन, र त्यसमा उहाँको संलग्नता र अनुभवबारे कुराकानी गरिएको छ ।

***तपाईं आफ्नो यौनिकता र लैंगिकताको आधारमा आफूलाई कसरी चिनाउनुहुन्छ ?***

मेरो जन्म एक बालिकाको रूपमा भएको हो । सानो उमेरदेखि नै ठूलो बुबाले केटा खोजेर ल्याउँछु र बिहे गरिदिन्छु भन्नुहुन्थ्यो । कसैको मुखबाट अमेरिकामा छोरी-छोरीबीच बिहे हुने गरेको प्रसंग सुनेको थिएँ । त्यही प्रसंग जोड्दै म जन्म घरमा नै बस्छु भन्थेँ । यद्यपि, त्यस बेला मैले के भनेको भन्ने कुराबारे जानकार थिइनँ । केटा मान्छेहरूले शारीरिक बनोटको आधारमा मेरो सुन्दरतामाथि टिकाटिप्पणी गरेको सुन्दा मलाई पटक्कै राम्रो लाग्दैनथ्यो । बरु म अरू केटी साथीहरूलाई "तिमीहरू पनि बिहे नगर, हामी सँगै बस्नुपर्छ" भन्थेँ ।

*समाज अध्ययन* १४ : २४७–२६७, २०७६

हुर्कँदै जाँदा अरू महिलाभन्दा फरक छनोट राख्ने व्यक्ति भएको अनुभूति गर्न थालेँ। बीस वर्ष पार गरेपछि मेरो जीवनमा एउटा ठूलो मोड आयो । त्यसपछि मात्र मेरो भावना र चाहनाबारे बुझ्न थालेँ। अन्ततः मैले आफूलाई फरक यौनिकता भएको महिलाको रूपमा चिनाउँदै आएको छु ।

यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको एक व्यक्ति भएको कुरामा गर्व गर्छु । तर मेरो चिनारीलाई कुनै निश्चित दायराभित्र मात्रै राख्न चाहन्नँ । व्यक्तिगत र व्यावसायिक रूपमा सबै व्यक्ति समान र स्वतन्त्र हुन्छन् भन्ने मानवअधिकारको विश्वव्यापी धारणामा विश्वास राख्छु । युवा, महिला तथा यौनिक तथा लैंगिक अल्पसंख्यकको अधिकारका लागि संघर्षरत एक मानवअधिकारकर्मी र अनुसन्धानकर्ता पनि हुँ । मानव कल्याण र समस्त मानव हितका लागि परिवर्तनको संवाहक बनिरहने रुचि छ । हरेकले आफू जे छ, जस्तो छ, र जसमा विश्वास राख्दछ, त्यसलाई अपनाएर गर्व गरोस् वा त्यस्तो वातावरण होस् भन्ने चाहन्छु । मेरो इच्छा, चाहना र पहिचान अरूको स्वीकृति र अस्वीकृतिमा कैद हुने कुरा होइन । त्यसैले म मेरो शरीर र चाहनामा गर्व गर्छु । यौनिकता र लैंगिकता व्यक्तिपिच्छे फरक हुने र हरेक व्यक्तिका नितान्त व्यक्तिगत र गोपनीय कुरा हुन् । तसर्थ, म जस्तो छु, सबै त्यस्तै छन् वा हुनुपर्छ भन्ने कुरामा म विश्वास राख्दिनँ ।

### *तपाईंको जीवनमा त्यस्तो के मोड आयो जसले तपाईंलाई अहिलेको पहिचानमा गर्व गर्न सक्ने बनायो ?*

घर नजिकै ब्यारेक थियो । आर्मी पोशाक लगाएका अनुशासित मानिसलाई दिनहुँ देख्दा र देशका लागि लडेका कथा सुन्दा अति आनन्द आउँथ्यो । त्यही बेलादेखि ठूलो भएर म पनि त्यस्तै हुने सपना देखेँ। सपना साकार पार्न नेपाल आर्मीमा भर्ती भएँ। तर मेरो फरक यौनिकताका कारण सन् २००७ मा त्यहाँबाट निकालिएँ। यो घटनालाई पत्रिकाले पनि स्थान दिए। त्यसकै आधारमा नेपालमा यौनिक तथा लैंगिक अल्पसंख्यकको लागि स्थापित संस्था नील हिरा समाजले मलाई सम्पर्क गऱ्यो । त्यति बेलासम्म म आफ्नो यौनिकता र यस समुदायबारे अनभिज्ञ थिए। पहिलो पटक जब म उक्त संस्थामा पुगेँ, त्यही बेला मैले पहिलोपल्ट तेस्रो लिंगीलाई देखे । अत्तालिँदै केही बेरमै म त्यहाँबाट फर्किएँ।

नेपाल आर्मीबाट मलाई निकालिएकोमा नील हिरा समाज मुद्दा दायर गर्न तयार थियो। तर बर्खास्त गरिएको ठाउँमा म फर्केर जान चाहेकी थिइनँ। त्यसैले मुद्दा दायर नगर्ने निर्णय गरेँ । राज्यको प्रमुख सुरक्षा निकायले फरक यौनिकताका कारण कसैलाई जागिरबाट बर्खास्त गरेको घटना पहिलो पटक सार्वजनिक भएको थियो। त्यसले राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा व्यापक ध्यानाकर्षण गराएको थियो । त्यसपछि विभिन्न निकायका पदाधिकारी र पत्रकारहरू मलाई भेट्न आउन थाले । यो कौतूहलताको विषय भएकाले उनीहरूले

घटनाबारे बारम्बार सोध्थे । म भने उक्त घटनालाई बिर्सन चाहन्थेँ । मसँगै निकालिएका तेस्रोलिंगी अर्का साथीले भने मुद्दा दायर गर्नु भएको थियो । अनुशासनहीनताको कारण देखाइ उहाँको विपक्षमा मुद्दाको फैसला भएको थियो । सन् २०११ मा राज हुसेन (रमिना) लाई महिलासँग नै सम्बन्ध राखेको भन्दै ट्राफिक प्रहरीबाट निलम्बित गरिएको थियो । निलम्बनको एक वर्षपछि नील हिरा समाजको सहयोगले जागिरमा पुनर्बहाली हुनुभएको थियो । पछि स्वइच्छाले जागिर छाडेर आफ्नै सैलुन चलाएर बस्नुभएको छ ।

नील हिरा समाज पुगेको केही समयपछि भूमिका श्रेष्ठसँग भेट गरेँ । त्यसपछि म संस्थामा जान थालेँ । त्यहाँ काम गर्ने साथीहरूसँग कुराकानी गर्न थालेँ । संस्थाले आयोजना गर्ने छलफल र विभिन्न कार्यक्रममा सहभागी भएपछि मेरो लैंगिकता र यौनिकताबारे सही तरिकाले जान्न-बुझ्न थालेँ । आफ्नो फरक अनुभव र भावनाबारे सोच्न थालेँ । तर आफू जे छु त्यही हुँ भनेर स्वीकार्न सकिरहेको थिइनँ । नील हिरा समाजका साथीहरूको सहयोगले मेरा बानीबेहोरा र रुचि अरूको भन्दा फरक हो तर नराम्रो होइन भन्ने कुरामा विश्वस्त बन्दै गएँ । आफूभित्र दमित इच्छा चाहनालाई अभिव्यक्त गर्न थालेँ । क्रमशः यौनिक तथा लैंगिक अल्पसंख्यक भित्रका विभिन्न श्रेणीगत पहिचानहरू—समलिंगी महिला, समलिंगी पुरुष, द्विलिंगी, तेस्रोलिंगी, अन्तरलिंगी र कोएर[१]—बारे जानकार बन्दै गएँ । म आफू के हुँ र कुन समूहमा पर्ने रहेछु भन्ने थाहा पाएर व्याख्या गर्न सक्ने भएँ । त्यसपछि मैले मेरो पहिचानलाई सार्वजनिक रूपमा गर्वका साथ अघि बढाउन थालेँ ।

### *यौनिक तथा लैंगिक अल्पसंख्यक भित्रका विभिन्न पहिचानबारे बताइदिनुहोस् न ।*

यौनिक तथा लैंगिक अल्पसंख्यकहरू भित्र फरक-फरक पहिचान हुन्छन्, जसलाई अन्तरलिंगी, तेस्रोलिंगी, समलिंगी पुरुष, समलिंगी महिला, द्विलिंगी, ट्रान्ससेक्सुअल र कोएर भन्ने शब्दावलीहरूको प्रयोग गरिन्छ ।

*अन्तरलिंगी* त्यस्तो व्यक्ति हो जो जन्मँदाखेरि यौन अंगका हिसाबले बालक वा बालिका के हो भनेर छुट्टिएको हुँदैन ।[२] चिकित्सकले यसलाई "हर्माफ्रोडाइट्स" नाम दिएका छन् । जसलाई शल्यक्रियाद्वारा बच्चाको यौनांग सच्याइदिने चलन समेत कैयौँ देशमा चलिआएको छ । समकालीन दृष्टिकोणमा यसलाई बलजफ्ती व्यक्तिको निश्चित लैंगिक पहिचान बनाइदिने तथा यौनांग बिगारिदिने भनी चुनौती दिने गरिन्छ । बच्चाको

[१] अंग्रेजीमा कुएर (queer) भनेर पनि उच्चारण गरिन्छ ।

[२] अन्तरलिंगीहरू क्रोमोजोम, गोनाड, सेक्स हार्मोन, वा यौनांग जस्ता विभिन्न लिंगका विशेषताहरू लिएर जन्मेका हुन्छन् । संयुक्त राष्ट्र संघको मानवअधिकार सम्बन्धी उच्च आयुक्तको कार्यालयका अनुसार महिला वा पुरुष शरीरको पारम्परिक परिभाषामा नअटाउनेहरू अन्तरलिंगी हुन् । (हेर्नुहोस्, https://unfe.org/system/unfe-65-Intersex_Factsheet_ENGLISH.pdf) ।

लैंगिक पहिचान पछि गएर के कस्तो हुन्छ भन्ने कुराको यकीन बच्चामा नै गर्न नसकिने हुनाले त्यसरी चुनौती दिन थालिएको हो ।

*तेस्रोलिंगी* जन्मदाको बखतमा बालक वा बालिका जेसुकै भए पनि हुर्कँदा व्यक्तिको लैंगिक पहिचान, लैंगिक प्रस्तुति, व्यक्तित्व लगायतका कुराहरू परम्परागत महिला र पुरुषको रूपमा अपेक्षा गरिएभन्दा फरक हुन्छ । जसलाई तेस्रो प्रकृतिका व्यक्तिको रूपमा लिने गरिन्छ । त्यस्तो व्यक्तिलाई तेस्रोलिंगीको नामले पहिचान गरिएको छ ।[३]

*पुरुष समलिंगी* आफूलाई पुरुष भनेर चिनाउने व्यक्ति हो जो शारीरिक, मानसिक तथा भावनात्मक रूपले पुरुषसित मात्रै आकर्षित हुन्छ ।[४]

*महिला समलिंगी* आफूलाई महिला भनेर चिनाउने व्यक्ति हो जो शारीरिक, मानसिक तथा भावनात्मक रूपले महिलासित मात्रै आकर्षित हुन्छ ।

*द्विलिंगी* यस्तो व्यक्ति हो जो शारीरिक, मानसिक तथा भावनात्मक रूपले महिला र पुरुष दुवैसित आकर्षित हुन्छ ।

*ट्रान्ससेक्सुअल* त्यस्तो व्यक्ति हो जसले शल्यचिकित्साको विधिबाट आफ्नो जैविक लिंग परिवर्तन गरेको हुन्छ ।

*कोएर* यस्तो एउटा श्रेणी हो जहाँ व्यक्तिले आफूलाई कुनै पनि समूहमा—जस्तै, तेस्रोलिंगी, समलिंगी वा अन्यमा—राख्न चाहँदैन । तर आफूलाई कोएर समुदायको सदस्य भन्ठान्छ ।

***कतिपय महिला अधिकारकर्मी लगायत धेरै मानिसले समलिंगी भनेको अप्राकृतिक वा गलत कुरा हो भनेको पाइन्छ । यसबारे र यौनिक विविधपनबारे तपाईंको धारणा बताइदिनुहोस् न ।***

पुरुष सर्वश्रेष्ठ मानिने समाजमा लैंगिकताबारे खुलेर छलफल गर्न गाह्रो छ । विपरीत लैंगिक सम्बन्धले मात्र मान्यता पाएकोले सोही अनुरूपकै कुरा गरिन्छ । फरक यौनिकता सम्बन्धी कुरा धेरै परको विषय हो । विभिन्न किसिमका यौनिकता भएका व्यक्तिहरू हुन्छन् भन्ने कुरा समेत कतिपयलाई थाहा छैन । थाहा भएकामा पनि गलत बुझाइ छ । फरक-फरक यौनिकता कसैको दबाबले, कुनै परिस्थितिले उत्पन्न हुने वा परिवर्तन हुन्छ वा अभ्यास गरिन्छ भन्ने

[३] अधिकारकर्मीहरूका अनुसार सबै यौनिक तथा लैंगिक अल्पसंख्यक तेस्रोलिंगी हुन् भन्ने धारणा गलत हो । तर कोही आफूलाई तृतीय प्रकृतिको व्यक्ति भनेर चिनाउन रुचाउँछन् ।

[४] जन्मदा अरूले छोरी भनेर चिने पनि केही व्यक्तिहरू पछि गएर आफूलाई पुरुष भनेर चिनाउन चाहन्छन् । सो पुरुष अरू पुरुषप्रति आकर्षित हुन सक्छन् । आफूलाई समलिंगी पुरुष भनेर चिनाउन सक्छन् । यौन अभिमुखीकरण कुनै पनि व्यक्तिले आफैले निर्धारण गर्ने कुरा हो । अरूले तिमी यो हो भन्ने कुरा होइन ।

गलत धारणा हो । जस्तै, म बायाँ हातले खाना खान्छु । यो देख्दा अरूलाई अप्ठ्यारो लाग्न सक्छ, तर कसैले यसलाई परिवर्तन गर भन्दैमा परिवर्तन हुन सक्दैन । यौनिकता पनि बिल्कुलै व्यक्तिगत, प्राकृतिक र आन्तरिक अनुभव हो, जुन कसैले भन्दैमा परिवर्तन हुन सक्दैन । मन पर्ने मान्छेले छुँदा, ऊसँग कुरा गर्दा राम्रो लाग्नु, ऊसँग धेरै र लामो समय बस्न मन लाग्नु जस्ता व्यवहारले व्यक्तिको यौनिकता दर्शाउँछ । हाम्रो समाजमा स्थापित विपरीत लिंगी यौनिकता जति सहज र प्राकृतिक हो भन्ने मान्यता छ, अरू यौनिकताहरू पनि त्यत्ति नै सहज र प्राकृतिक हुन् । विभिन्न समयमा भएका अनुसन्धान र अध्ययनले यौनिकता परिवर्तनीय छ तर यो पूर्ण रूपमा कहिल्यै पनि परिवर्तन हुन सक्दैन र कुनै न कुनै रूपमा प्रतिबिम्बित भई नै रहन्छ भन्ने पुष्टि गरेका छन् ।

### *नेपालमा यौनिक तथा लैंगिक अल्पसंख्यकहरूको अभियान कसरी शुरू भएको थियो ?*

फेमिली हेल्थ इन्टरनेशनल नामक दातृ संस्थाले पहिलो पल्ट यौनिक तथा लैंगिक अल्पसंख्यकका अभियानलाई अगाडि बढाउन सहयोग गरेको थियो । त्यही क्रममा यौनिक तथा लैंगिक अल्पसंख्यकको कानूनी अधिकार प्राप्तिको लागि सरकार विरुद्ध सर्वोच्च अदालतमा रिट दायर गरिएको थियो । सर्वोच्च अदालतले डिसेम्बर २१, २००७ मा समुदायको हकमा फैसला गऱ्यो । उक्त फैसला यौनिक तथा लैंगिक अल्पसंख्यकको अभियानमा परिवर्तनको बिन्दु थियो । त्यसकै केही महिनाअघि म नील हिरा समाजसँग सम्पर्कमा आई यौनिक तथा लैंगिक अल्पसंख्यकको अभियानमा संलग्न भएको थिएँ । अग्रजहरूबाट पाएको जानकारी अनुसार नेपालमा यौनिक तथा लैंगिक अल्पसंख्यकको अभियान सन् २००० देखि अनौपचारिक रूपमा शुरू भएको थियो । अभियन्ता सुनिलबाबु पन्तले यस अभियानको थालनी गर्नुभएको थियो । उहाँ पहिलो संविधान सभाको सदस्य समेत रहनुभएको थियो ।

पन्तले आफ्नो यौनिक इच्छा र चाहना अरूका भन्दा फरक भएकोबारे बेलारुसमा पढ्दा खोजी गर्नुभएको रहेछ । त्यहाँको पुस्तकालयमा उपलब्ध विभिन्न सामग्री मार्फत त्यसबारे आफ्नो ज्ञानलाई बलियो बनाउनुभएको रहेछ । त्यही ज्ञानको आधारमा नेपालमा फर्केर त्यस्ता प्रकृतिका व्यक्तिलाई खोज्न थाल्नुभयो । काठमाडौँका अति व्यस्त र भीडभाड क्षेत्रहरू— जस्तै, रत्नपार्क, गौशाला—जस्ता ठाउँहरू घुम्दै समुदायका साथीहरूसँग भेट्न थाल्नुभयो । समुदायका साथीहरूलाई कण्डम, एचआईभी र विभिन्न यौन संक्रमणबारे जानकार गराउँदै हिँड्नुभयो । "कण्डम दाइ" को रूपमा समुदायका साथीहरूमाझ चिनिनुभयो ।

बारमा क्रस ड्रेस[५]मा नाच्ने काली नामको तेस्रोलिंगीलाई एक दिन उसको दाजुले कालीको रूपमा देखेछ । त्यसपछि उसलाई मानसिक तनाव दिइएछ । एक दिन तनाव झेल्न नसकी उसले आत्महत्या गऱ्यो । त्यो घटनाले समुदायका साथीहरू स्तब्ध भई सामूहिक रूपमा समस्यासँग लड्न संगठित हुने निर्णय गरे । त्यस बेला यौनिक तथा लैंगिक अल्पसंख्यकको लागि काम गर्न संस्था दर्ता गर्नु सामाजिक र कानूनी रूपमा निकै कठिन थियो । त्यसैले पुरुष प्रजनन् स्वास्थ्यमा काम गर्ने संस्थाको रूपमा सन् २००१ मा संस्था दर्ता गरियो । दर्ताको लागि आवश्यक कागजात जुटाउन अर्को समस्या थियो । समुदायका साथीले आफ्नो नागरिकता दिन डर मानेपछि अभियन्ता सुनिलबाबु पन्तले आफ्नै परिवारका सदस्य राखेर संस्था दर्ता गर्नुभएछ । त्यसपछि संस्थागत रूपमा कामकाज अघि बढाउँदै लानुभयो । समुदायका धेरै साथीलाई एकत्रित, सचेत र संगठित गर्दै लानुभयो । फलस्वरूप आजको दिनसम्म आइपुग्दा म र मजस्ता धेरैले आफ्नो यौनिक पहिचान सहित यो समाजमा बाँच्नको लागि संघर्ष गर्ने आधार तयार भएको छ ।

### *डिसेम्बर २१, २००७ मा सर्वोच्च अदालतको फैसलामा के भनिएको थियो ? समुदायको लागि त्यो किन र कसरी महत्त्वपूर्ण छ ?*

त्यस बेलाको सर्वोच्च अदालतको फैसलाले मुख्यतः चार ओटा कुरा बोलेको छ :

१. यौनिक तथा लैंगिक अल्पसंख्यकहरू प्राकृतिक व्यक्ति हुन् ।
२. यो समूहलाई आफ्नो लैंगिक पहिचान अनुरूपको नागरिकता प्रदान गर्ने ।
३. सम्पूर्ण विभेदकारी कानूनको खारेजी गर्ने । र,
४. समलिंगी विवाहलाई मान्यता दिने या नदिने भन्ने निर्णय गर्नका लागि सात सदस्यीय समिति गठन गरी अध्ययन गर्ने ।

त्यसभन्दा पहिले नेपालको कानूनले समलिंगी सम्बन्धबारे केही बोलेको थिएन । यो फैसला पहिलो कानूनी कागज हो जसको आधारमा हामीले संविधानमा आफ्नो अधिकार सुनिश्चित गर्ने आधार पायौँ । विभिन्न सरकारी निकायसँग नीति परिवर्तनका लागि वकालत गर्न, यौनिक तथा लैंगिक अल्पसंख्यक मैत्री कानून तथा नीति निर्माण र कार्यक्रम तर्जुमा गर्न सरकारलाई घचघच्याउने बलियो आधार पायौँ । यौनिक तथा लैंगिक अल्पसंख्यकहरूको पहिचान स्वीकार्दै उनीहरूलाई कानूनी मान्यता दिनेमा नेपाल दक्षिण एशियाकै पहिलो मुलुक बनेको थियो । संसारका विकसित देशहरूमा समेत यस्तो मान्यता पाउन बाँकी रहेकोले

[५] कुनै एक लिंगको व्यक्तिले अर्को लिंग जनाउने पहिरन लगाउनुलाई क्रस ड्रेसिङ भनिन्छ ।

यस अभियानले विश्व सामु चर्चा पायो । राष्ट्रिय-अन्तर्राष्ट्रिय समर्थक बढे । अदालतको फैसलाको कार्यान्वयन गर्दै नेपाल सरकारले लिंगीय पहिचानमा "अन्य" उल्लेख गरेर नागरिकता र राहदानी दिने प्रावधान ल्यायो । सन् २०१५ मा जारी भएको नेपालको नयाँ संविधानमा पनि समुदायको पहिचान र अधिकार सुनिश्चित गरिएको छ । अहिले पनि सोही फैसला र संविधानले सुनिश्चित गरेको अधिकारकै आधारमा हामीले हाम्रा विभिन्न हकअधिकार माग गरिरहेका छौँ ।

***यौनिक तथा लैंगिक अल्पसंख्यक आन्दोलनमा तपाईंको योगदानलाई कसरी लिन सकिन्छ ?***

नील हिरा समाजमा आबद्ध भएको पहिलो वर्ष त मैले समुदाय र समुदायका मुद्दाहरू बुझ्नमै खर्चें । यौनिक तथा लैंगिक अल्पसंख्यक आन्दोलनलाई संस्थागत नेतृत्व प्रदान गर्ने नील हिरा समाजले शुरूदेखि एचआईभी रोकथाममा आफ्नो कार्यक्रम केन्द्रित गर्दै आएको थियो । पहिला मानवअधिकार लक्षित कार्यक्रम निकै कम थिए । सन् २००९ मा स्वीडिश एशोसिएशन फर सेक्सुआलिटी एजुकेशनको सहयोगमा एक परियोजना सञ्चालन गरियो, जुन मानवअधिकार लक्षित थियो । उक्त परियोजना प्रमुखको जिम्मेवारीमा मैले काम गरेँ । जस अन्तर्गत हामीले धेरैभन्दा धेरै समलिंगी महिला, द्विलिंगी महिला र तेस्रोलिंगी पुरुषको क्षमता अभिवृद्धि गर्ने र आम्दानी मूलक कार्यक्रमहरू सञ्चालन गरेका थियौँ । क्षमता अभिवृद्धि कार्यक्रमले मुद्दाहरू उठाउन धेरै संख्यामा समुदायका व्यक्तिहरू अगाडि आउन थाले । संख्यामा वृद्धि भएपछि हामीले सन् २०११ मा पहिलो पटक समलिंगी महिला, द्विलिंगी महिला र तेस्रोलिंगी पुरुषको सम्मेलनको योजना बनायौँ । ग्लोबल फण्ड फर विमेनको आर्थिक सहयोगमा हामीले सम्मेलन गऱ्यौँ । उक्त सम्मेलनले समुदाय भित्रका धेरै घटना र मुद्दाहरू अगाडि ल्याउन सघायो । तिनै घटना र मुद्दाहरूको आधारमा हामीले अर्को परियोजना सञ्चालनका लागि प्रस्तावना तयार पाऱ्यौँ । र, हामीले परियोजनालाई निरन्तर अघि बढायौँ ।

म परियोजना प्रमुखको भूमिकामा रही काम गर्थे । त्यही बेला नेपालको नयाँ संविधान बन्ने काम चलिरहेको थियो । विभिन्न साझेदार संघ-संस्था सँगको सहकार्यमा हामीले संविधानमा यौनिक तथा लैंगिक अल्पसंख्यकको अधिकार सुनिश्चितका लागि जोड दियौँ । संविधानसभा अन्तर्गतका विभिन्न समितिका सभासद्लाई भेटी ज्ञापन पत्र बुझाउने, सभा र सेमिनारमा अनिवार्य उपस्थित भई समुदायको तर्फबाट आवाज उठाउने काममा म र संस्थाका साथीहरू तल्लीन रह्यौँ । फलतः नयाँ संविधानमा सम्पूर्ण यौनिक तथा लैंगिक अल्पसंख्यकको अधिकार सुनिश्चित भएको छ । त्यति बेला लगातार आवाज उठाइरहँदा नील हिरा समाजको प्रतिनिधि तथा तेस्रोलिंगीका हकअधिकारबारे बोल्ने व्यक्तिको रूपमा मलाई चिनिन्थ्यो । अझै पनि त्यही पहिचानले मलाई चिन्ने र चिनाउनेहरू थुप्रै छन् । त्यस

बखत हामीले विभिन्न जिल्लाहरूमा पत्रकार सम्मेलन, साझेदार संघ-संस्था सँगको समन्वयमा गोष्ठी, स्थानीय राजनीतिक नेताहरू सँगको भेटघाटलाई तीव्र पारेका थियौँ। त्यसले नील हिरा समाजको कार्यक्षेत्र र यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका सवालहरूबारे धेरैलाई जानकारी गरायो। हाम्रो आन्दोलनलाई साथ, सहयोग र समर्थन गर्ने जमातहरू थपिँदै गए।

मैले मूलतः सरकारी निकाय र स्थानीय समुदाय बीचमा एक मध्यस्थकर्ताको रूपमा काम गर्दै आइरहेको छु। समुदायका नयाँ सदस्य पहिचान गर्नु, उनीहरूसँग भेट्नु, यौनिक तथा लैंगिक अल्पसंख्यकबारे उनीहरूलाई जानकारी दिनु, आवश्यक परामर्श र सहयोग प्रदान गर्नु, उनीहरूको हकअधिकार प्राप्तिका लागि वकालत गर्नु, विभिन्न सञ्चार माध्यम मार्फत जानकारी मूलक कार्यक्रम सञ्चालन गर्नु, विभिन्न संघ-संस्थासँग समन्वय गर्नु, देश-विदेशमा सक्रिय रहेका विभिन्न महिलावादी र मानवअधिकारका क्षेत्रमा काम गर्ने संघ-संस्थामा र बृहत् नागरिक समाजबीच सञ्जाल बढाउनु, राष्ट्रिय-अन्तर्राष्ट्रिय रूपमा यौनिक तथा लैंगिक अल्पसंख्यकको प्रतिनिधित्व गरी सवालहरू उठाउनु, समुदायको हितको लागि स्रोत जुटाउनु, समुदायका व्यक्तिका लागि अवसरहरू—जस्तै, साना व्यवसायहरू—को खोजी गर्नु, समुदायको क्षमता अभिवृद्धि गर्नु र समुदायलाई समाजमा स्वीकार्य बन्न र बनाउनको लागि प्रोत्साहन गरी जीवन निर्वाहमा सहयोग गर्नु मेरा जिम्मेवारी हुन्। यसको अलावा समुदायका सवालबारे अध्ययन-अनुसन्धान पनि गरेको छु।

### *समुदाय र समुदायको आन्दोलनमा त्यस्ता अनुसन्धानको उपयोगिता के कस्तो रह्यो ?*

सन् २००९ मा आईएसआईएस-डब्लुआईसीसीआई नामक संस्थाको आर्थिक सहयोगमा "सोसल एक्सक्लुजन अफ एलजीबीटी पिपल इन काठमाण्डू" शीर्षकको अनुसन्धान गरेको थिएँ। अनुसन्धानले समुदायका व्यक्तिहरू धेरैजसो सामाजिक र पारिवारिक रूपमा अस्वीकृत हुने, घरबाट निकालिने, शारीरिक र मानसिक हिंसा पश्चात् उपचार नपाउने र बस्नको लागि कुनै पनि ठाउँ उपलब्ध नहुने गरेको देखाएको थियो। उक्त अनुसन्धान पश्चात् मैले सानो अनुदानबाट नील हिरा समाजमा एक आवास गृहको स्थापना गरेँ। त्यस बेला तीन जना समलिंगी महिला र तेस्रोलिंगी पुरुष आवास गृहमा बसेका थिए। आवास गृह सञ्चालनको लागि पर्याप्त स्रोत जुटाउन नसक्दा र सो अवस्थामा कतिपय व्यक्ति त्यसरी बस्न पनि नचाहेको पाएपछि मैले आवास गृहलाई निरन्तरता दिन सकिनँ।

त्यस्तै, समलिंगी महिला, द्विलिंगी महिला र तेस्रोलिंगी पुरुषको पहिलो सम्मेलनले यस समुदायबारे जानकारी मूलक सामग्रीको अभाव रहेको, अध्ययन अनुसन्धान नभएको निष्कर्ष निकालिसकेको थियो। त्यसैले सन् २०११ मा मैले साउथ एशियन विमेन्स फण्डको आर्थिक सहयोगमा "कजेज एण्ड इम्प्याक्ट अफ डोमेस्टिक भायोलेन्स विदिन एलजीबीटी" शीर्षकमा अर्को अनुसन्धान गरेको थिएँ। परिवारबाट अपहेलित र अस्वीकृत

भएपछि अधिक मादक पदार्थ सेवन तथा धूमपानको कुलतमा परेको, पितृसत्तात्मक सोच र व्यवहारका कारण समलिंगी महिला, द्विलिंगी महिला र तेस्रोलिंगी पुरुषमाथि घरेलु हिंसा बढी हुने गरेको उक्त अनुसन्धानले देखायो । त्यसपछि हामीले समुदायका व्यक्तिहरूको सन्दर्भमा हुने गरेका घरेलु हिंसा तथा मानवअधिकार हननका घटनाहरूको अभिलेखीकरण गर्ने प्रशिक्षणको थालनी गर्‍यौँ । साथमा मानवअधिकार हनन विरुद्धमा प्रभावकारी वकालत गर्ने सीप विकासको तालिम पनि सञ्चालन गर्‍यौँ । त्यस्तो तालिम मार्फत संस्था र आन्दोलनमा जोडिने व्यक्तिहरू बढ्न थाले । आफूले भोगेका पीडा र मानवअधिकार हननका घटनालाई सार्वजनिक रूपमा अभिव्यक्त गर्नेहरू विस्तारै आफै एक परामर्शदाता वा प्रशिक्षकको रूपमा समेत काम गर्न थाले । अहिले समुदायका साथीहरूले स्थानीय निकायबाट आर्थिक सहयोग लिएर परियोजना सञ्चालन समेत गर्दै आइरहेका छन् । समुदायका व्यक्तिहरूबाट यस्ता कामहरू भइरहेको देख्दा ज्यादै खुसी लाग्छ । तर अझै पनि बृहत् समाजमा समुदायबारे पर्याप्त जानकारी गराउन बाँकी नै छ । समुदायका व्यक्तिलाई समाजमा स्वीकार्य बनाउने अभियान निरन्तर चलिरहनु पर्दछ । त्यसैले अझै पनि समुदायको हकअधिकारको लागि मेरो भूमिकालाई निरन्तरता दिई नै रहनेछु ।

***सामाजिक आन्दोलन र ती आन्दोलनको प्रतिनिधित्व गर्नेका लागि पहिचान महत्त्वपूर्ण कुरा हो भन्ने तपाईंको विचार छ । यौनिक तथा लैंगिक अल्पसंख्यकको हकमा पहिचान किन महत्त्वपूर्ण छ र त्यसको फाइदा र सीमाहरू के-के हुन् ?***

पहिचानले म को हुँ, मेरा आवश्यकता र महत्त्व के हो भन्नेबारे सबैलाई बताउँछ । पहिचानले व्यक्तिको अस्तित्व र उपस्थिति देखाउँछ । उसको जिम्मेवारी र योगदान बिर्सन दिँदैन । यदि म मानव भएको पहिचान नहुँदो हो त मैले कुनै पनि अधिकारको उपभोग गर्न पाउँदिन थिएँ । त्यसैले पहिचान र पहिचानको लडाइँ आफ्नो हकअधिकारको उपभोगको लागि महत्त्वपूर्ण हुन्छ । सामाजिक लिंगको रूपमा कुनै पनि व्यक्ति एक महिला वा पुरुषभन्दा फरक हुन्छन् भन्ने कुरालाई यौनिक तथा लैंगिक अल्पसंख्यकको पहिचानको लडाइँले अगाडि ल्याएको छ । यो व्यक्तिको मनको इच्छा र चाहनाविशेषमा निर्भर हुने हुँदा जुनसुकै क्षेत्र, वर्ग, धर्म र जातजातिमा हुन सक्छ । समाजमा स्वतन्त्र रूपले बाँच्न, सहज वातावरणमा हिँड्डुल गर्न, राज्यका हरेक सुविधा उपभोग गर्न पहिचानले प्रमुख भूमिका खेलेको हुन्छ । सुविधा उपभोग गर्न व्यक्तिको इच्छा, व्यवहार, हिँडाइ, बोलाइ र पहिरनले फरक नपारोस् भन्नका लागि पनि सम्पूर्ण यौनिक तथा लैंगिक अल्पसंख्यकलाई पहिचान आवश्यक छ । तर अझैसम्म पनि यो समाज र समुदायका व्यक्तिहरू आफ्नो पहिचान सम्बन्धी जानकार हुन सकेका छैनन् । सामाजिक मूल्य र मान्यताका कारण विभिन्न क्षेत्रहरूमा—जस्तै, शिक्षा, स्वास्थ्य, रोजगारी, राजनीति लगायतमा—उनीहरूको पहुँच पुग्न

सकेको छैन । विद्यालयमा यौनिक तथा लैंगिक समुदाय मैत्री वातावरण नहुँदा सानो उमेरमा पढाइ छोड्न बाध्य भएका छन् । अन्य समुदाय सरह यो समुदायप्रति लक्षित कुनै पनि छात्रवृत्ति उपलब्ध छैन । महिला वा पुरुषका लागि मात्रै खुल्ने रोजगारीको अवसरले सो प्रणालीमा निवेदन दिने तहबाटै समुदायका व्यक्ति बाहिर पारिएका छन् । फरक यौनिकता र लैंगिक पहिचानकै आधारमा विभिन्न क्षेत्रमा विभेद खेप्दा आफ्नो फरक व्यवहार, सोच र हाउभाउबाट विचलित भइरहेका हुन्छन् ।

समाजले व्यक्तिको यौनिकताको आधारमा कुनै एक निश्चित पहिचानलाई मात्रै मान्यता दिँदै आएको छ । कुनै एक निश्चित पहिचानभित्र व्यक्तिलाई सीमित राखिनु सही होइन । समुदाय र आफ्ना भित्री चाहनालाई परिभाषित गर्ने ज्ञान नहुँदा मलाई समाजले एक छोरीको पहिचानसँगै मैले देखाउनुपर्ने व्यवहारको बोझ बोकाएको थियो । नील हिरा समाजमा आएपछि अन्य लैंगिक पहिचान र यौनिक अनुभूतिबारे जानकार भइसकेपछि सत्य स्वीकार्न मलाई गाह्रो भएको थियो । तर वास्तविकता स्वीकार्न सम्भव छ भन्ने मेरो आफ्नै अनुभव हो । यदि कसैले आफूलाई निश्चित पहिचान दिइसकेको छ भने सधैँ सोही दायरामा बस्ने प्रयत्न गरिन्छ । मनमा फरक अनुभूति आएमा त्यसलाई खराब मानी दबाउन खोजिन्छ । कहिलेकाहीँ सामाजिक मान्यता पाउन र उपलब्ध विभिन्न सेवा सुविधा लिनका लागि निश्चित पहिचानको आवश्यकता पर्छ । आजको दिनसम्म आइपुग्दा आफ्नो यौनिकता र लैंगिकता जनाउने विभिन्न शब्दावली अगाडि आएका छन् । आगामी दिनमा अझै धेरै आउलान् । तर त्यसलाई परिभाषित गर्ने प्राथमिक आधार हुनु जरुरी छ ।

***नेपाली समाजमा समलिंगी महिलाका अवस्थाबारे थप खुलाइदिनुस् न । परिवारभित्र, सम्बन्धहरूमा, कामकाजी वृत्त र आन्दोलनभित्रै रहेका समलिंगी महिलाका चुनौतीहरू के-के छन् ?***

यौनिक तथा लैंगिक अल्पसंख्यकहरूको अभियानभित्र पनि सबैभन्दा पछाडि समलिंगी महिला पर्छन् । पितृसत्तात्मक समाजबाटै ग्रहण गरिएको आफ्नै प्रकारको सामाजिकीकरण प्रक्रियामा अभियान चुकेको छ । फलस्वरूप, कोहीकोही तेस्रोलिंगी महिला पितृसत्तात्मक समाजमा महिलाको सामाजिक लिंग अनुरूपको दायरामा आफूलाई ढाल्न खोज्छन् । जसका कारण आफ्नो पार्टनरद्वारा शारीरिक, मानसिक र भावनात्मक हिंसा हुँदा समेत त्यसलाई स्वाभाविक मान्ने र मौन बस्ने गर्दछन् । साथसाथै तेस्रोलिंगी पुरुष, पुरुषकै दायरामा फिट हुन खोज्दा कति समलिंगी महिला घरेलु हिंसामा परेका छन् । खुलेर आउनेलाई पनि सामाजिक र पारिवारिक रूपमा विवाहको दबाब खेप्नु परिरहेको छ । नेपाली समाजमा दोस्रो दर्जाको महिला, त्यसमाथि समलिंगी वा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको महिला भन्नासाथ चुनौती दुई गुणा बढेर जान्छ । कानूनी अधिकारको अभाव र पाएको

थोरै अधिकारबारे समेत जानकार नहुँदा धेरै समस्यामा परिरहेका छन् । आर्थिक रूपमा आत्मनिर्भर हुन नसक्दा घरपरिवारको भर पर्नु परेको छ । आफ्नो लागि आफै निर्णय लिन सक्ने अवस्था छैन । साथीभाइसँग खुलेर कुरा गर्ने वातावरण नहुँदा मानसिक चिन्ताले पिल्सिनु परेको छ । शारीरिक स्वास्थ्य समस्या हुँदा समेत चिकित्सकसँग भेट्न र स्वास्थ्य संस्थामा गएर स्वास्थ्य उपचार गर्न डराउँछन् । यौन तथा प्रजनन् स्वास्थ्य शिक्षाको अभावमा विभिन्न यौनजन्य संक्रमणको शिकार भइरहेका छन् । चिकित्सा पाठ्यक्रममा यस समुदाय सम्बन्धी जानकारी राखिएको छैन । समुदायबारे स्वास्थ्यकर्मीहरू कम जानकार वा जानकार नै नहुँदा स्वास्थ्य सुविधा लिन असहज छ ।

समलिंगी महिलाहरूका लागि काम गर्ने निकाय वा संस्था कम हुनु, उनीहरू आफैमा आत्मविश्वास कम हुनु, आफ्ना इच्छा चाहनालाई सही ढंगले बुझ्न नसक्नु, आफ्नो फरक पहिचान खुल्न नदिनकै लागि लुकेर बस्न बाध्य पारिनु जस्ता कारणहरूले यो समुदायसँग धेरै समस्या र चुनौतीहरू छन् । छोरीको अंग लिएर जन्मेकाले घर बाहिर जानु हुँदैन । धेरै व्यक्तिसँग मित्रता गाँस्नु हुँदैन । बिहे गरेर अर्काको घर सम्हाल्नुपर्छ । एक्लै निर्णय लिनु हुँदैन वा सक्दैनन् भन्ने खालका सामाजिक सोचले समुदायका महिलाहरू घर बाहिर निस्कन सकेका छैनन् । त्यसकारणले उपलब्ध थोरै सेवा सुविधाबाट समेत उनीहरू वञ्चित भइरहेका छन् । माथिल्ला निकायसम्म पुग्ने त परको कुरा भयो । अभियानमा संलग्न भएर सार्वजनिक आवाज उठाउनेहरूमध्ये समलिंगी महिलालाई औँलामा गन्न सकिन्छ, जसले आफ्नो पहिचानमाथि निर्धक्कसँग गर्व गर्दछ । समलिंगी महिलाको यौनिकता बारेको छलफलले महिला अधिकारकर्मी माझ ठाउँ पाएको छैन । स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा आयोजना गरिने विभिन्न सभा, सेमिनार र गोष्ठीहरू छलफलमा मात्रै सीमित छन् । त्यस्ता कतिपय कार्यक्रमहरू समेत समुदायको पहुँच बाहिरका हुने गर्छन् । कुनै-कुनै आयोजकले सीमित सहभागीहरूको आवश्यक सबै खर्च बेहोरेपछि समुदायका थोरै व्यक्तिहरू सहभागी बन्न सक्छन् । आफ्नो रोजीरोटीको जोहो गर्न छाडेर उल्टै यातायात, खाजा आदि खर्च बेहोरेर त्यस्ता छलफलहरूमा जान सक्ने अवस्थामा छैनन् ।

### *तपाईंको विचारमा समलिंगी महिला अभियानले नेपालको महिला आन्दोलन र यौनिक तथा लैंगिक अल्पसंख्यक आन्दोलनमा कसरी योगदान दिएको छ ?*

समग्र नेपालको महिला आन्दोलन र यौनिक तथा लैंगिक अल्पसंख्यकको अभियानमा न्यून संख्यामा रहेकै भए पनि समलिंगी महिलाहरूले धेरै योगदान पुऱ्याएका छन् । यौनिक तथा लैंगिक अल्पसंख्यक अभियान शुरू भएको दोस्रो वर्षदेखि नै समलिंगी महिलाको समूह आन्दोलनहरूमा सक्रिय भएको हो । माथि भनिएको, सर्वोच्च अदालतमा विभिन्न संस्थाको तर्फबाट चार जनाद्वारा रिट हालिएको थियो, जसमध्ये एक जना रिट दायरकर्ता

समलिंगी महिलाहरूको समूह मितिनी नेपालको तर्फबाट हुनुहुन्थ्यो । समुदाय आफैमा अल्पसंख्यक भएकोले अधिकार प्राप्तिको लागि समग्र महिला आन्दोलन र समुदायको आन्दोलनमा एकसाथ लागि परिरहेका छन् । परिणामतः पछिल्लो समयमा महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धि (सिड्स) ले तेस्रोलिंगी महिला र फरक यौनिक पहिचान भएकालाई पहिचान गरी उनीहरूको अवस्था उकास्न विभिन्न मुलुकका सरकारलाई सुझाव दिने गरेको छ ।

महिलाका मुद्दा र यौनिक तथा लैंगिक अल्पसंख्यकहरूका मुद्दा एक आपसमा अन्तरसम्बन्धित छन् । यौनिकताका कारण फरक भएका समलिंगी महिला सामाजिक र जैविक दुवै लिंगका हिसाबले महिला नै हुन् । त्यस हिसाबले शिक्षा, यौन तथा प्रजनन् स्वास्थ्य, रोजगारी, समान ज्याला, नीति निर्माणमा सहभागिता लगायत महिला अधिकारहरू समलिंगी महिलाले पनि उपभोग गर्न पाउँछन् । नागरिकता, महिलामाथि हुने जुनसुकै प्रकारका हिंसा जस्ता सवालहरूमा समलिंगी महिलाहरूले सधैँ महिला आन्दोलनसँगै मिलेर आवाज उठाउँदै आइरहेका छन् । उनीहरूले भोग्दै आएका हिंसाका प्रकृति समेत समान झैँ देखिन्छन् । यद्यपि, महिलाका लागि पहिले नै सुनिश्चित भइसकेका अधिकारहरू समलिंगी महिलाका लागि भने अझै संघर्ष गर्नैपर्ने अवस्थामा छन् । जस्तै, विवाह र परिवार बसाउन पाउने अधिकार । महिला र पुरुषको लागि विवाह एक मान्यता प्राप्त सामाजिक संस्था हो । तर समलिंगी महिला बीचको सम्बन्धलाई राज्य र समाजले मान्यता दिएकै छैन । समलिंगी महिला बीचको सम्बन्ध मार्फत परिवार बसाल्ने, वैवाहिक जीवन यापन गर्नको लागि सामाजिक र कानूनी मान्यता प्राप्त गर्नको लागि हामी लडिरहेका छौँ । समलिंगी महिलाहरूको लागि अर्को महत्त्वपूर्ण पक्ष हो, स्वास्थ्यको अधिकार । केही व्यक्ति आफ्नो शारीरिक परिवर्तन चाहन्छ भने त्यसको लागि आवश्यक शल्यक्रिया वा हर्मोन प्रयोगको लागि विशेष खालको स्वास्थ्य उपचारको व्यवस्था हुनु अत्यावश्यक छ । त्यस्तो स्वास्थ्य उपचार सम्बन्धित समूह वा व्यक्तिको पहुँचमा हुनु उत्तिकै जरुरी छ ।

***समलिंगी सम्बन्धलाई मान्यता दिलाउन संघर्षरत रहेको कुरा माथि भन्नुभयो । समलिंगी विवाह बारेमा थप बताइदिनुस् न ।***

सर्वोच्च अदालतको फैसला अनुरूप समलिंगी विवाह सम्बन्धमा अनुसन्धान गर्न सात सदस्यीय समिति गठन भयो । समितिका सदस्य सँगको शुरूशुरूका छलफलमा भेट्दा उहाँहरू यस मुद्दामा सकारात्मक देखिनुभएन । अनुसन्धानका क्रममा उहाँहरूले विभिन्न जिल्लामा रहनुभएका समुदायका साथीहरूसँग प्रत्यक्ष भेटेर छलफल गर्नुभयो । अन्तर्राष्ट्रिय अभ्यास र अवस्थाबारे जान्नको लागि नर्वे गएर त्यहाँ समलिंगी सम्बन्धमा रहनुभएका व्यक्ति र उहाँहरूको परिवारसँग भेटेर आउनुभयो । त्यसपछि मुद्दालाई हेर्ने उहाँहरूको दृष्टिकोणमा

परिवर्तन भएको पायौँ। समितिका सदस्य आफैले पनि सो कुरा सबै सामु व्यक्त गर्नुभएको थियो। त्यस्तो परिवर्तन देख्दा समलिंगी विवाहले मान्यता पाउने कुरामा हामी धेरै आशावादी बन्यौँ। उक्त समितिले प्रधानमन्त्री कार्यालयमा एक प्रतिवेदन बुझायो। उक्त प्रतिवेदन थप अनुसन्धान र जानकारीका लागि महिला मन्त्रालयमा पठाइएको र त्यहाँ छलफलको क्रममा रहेको बताइएको छ। यो प्रक्रिया चलिरहँदा नेपालमा समलिंगी विवाहले मान्यता पाउनेछ भनेर सम्पूर्ण समुदायले आशा गरेका छन्। कानूनी तथा सामाजिक मान्यता पाएमा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका व्यक्ति पनि अरू सरह निर्धक्क जीवन जिउन, परिवार बसाउन सक्नेछन्। म लगायत सम्पूर्ण समुदायले समलैंगिक वैवाहिक सम्बन्धले पनि विपरीत-लिंगी विवाह जत्तिकै वैधानिकता प्राप्त गरोस् भन्ने चाहन्छौँ। विवाह विश्वको हरेक देशमा वैधानिकता प्राप्त सम्बन्ध हो। विवाह पश्चात् जो जहाँ गए पनि उनीहरूको सम्बन्धले उत्तिकै मान्यता पाउँछ। समलिंगी विवाह सम्बन्धले त्यो अधिकारको उपभोग गर्न पाउनुपर्छ।

***समलिंगी महिला, द्विलिंगी महिला र तेस्रोलिंगी पुरुष समूहले आयोजना गरेको एउटा सार्वजनिक कार्यक्रममा महिला अधिकारकर्मीले समलिंगी महिला, द्विलिंगी महिला र तेस्रोलिंगी पुरुष अधिकारकर्मीलाई एकभन्दा बढी सम्बन्धहरू बारेमा सावधान हुन भनेको सुनेको छु। यो मामिलामा महिलाका सन्दर्भमा र समलिंगी महिला, द्विलिंगी महिला र तेस्रोलिंगी पुरुषका सन्दर्भमा समस्या के छ ?***

हो, समलिंगी सम्बन्धमा एकभन्दा धेरै जीवनसाथी पनि हुने गर्छन् भन्ने गरिन्छ। काम गर्ने दौरानमा मैले पनि त्यस्ता जोडीहरू भेटेको छु जो एकभन्दा बढी सम्बन्धमा रहेका थिए वा छन्। त्यसो हुनुका केही कारणहरू छन्। एक, सामाजिक रूपमा असुरक्षित आपसी सम्बन्ध। सम्बन्धमा रहेकाहरूलाई आपसमा बाँधिराख्ने कुनै पनि खालको सामाजिक वा कानूनी आधार नहुँदा त्यस्तो सम्बन्ध सधैँ जोखिममा रहिरहन्छ। जसलाई आपसी सम्बन्ध छुट्ने वा आपसमा विछोडिने डरबीच व्यक्तिगत इच्छाकै आडमा सकेसम्म सम्बन्ध धानिराख्नु पर्दछ। सामाजिक विभेद, लाञ्छना, अस्वीकृति आदिसँग लड्ने क्रममै धेरै सम्बन्धहरू टुट्ने गरेका छन्।

दोस्रो कारण, त्यस्ता सम्बन्धहरू समाजमा अस्वीकार्य ठहऱ्याइने हुँदा गोप्य सम्बन्ध स्थापित गर्न बाध्य पारिन्छन्। त्यस्तो सम्बन्धभित्र हुने असन्तुलित व्यवहार वा हिंसाका कारण पनि नैराश्यता र तनावसँग जुध्नुपर्दछ। यस्ता सम्बन्धभित्र यदि हिंसा भइरहेको भए पनि त्यसलाई कहाँ-कसरी पोख्ने र त्यसबाट छुटकारा कसरी पाउने भन्ने कुनै सुरक्षित बाटो छैन। त्यस्तो माहोलले एकभन्दा बढी सम्बन्ध राख्न बाध्य पारेको मैले भेटेको छु। आफ्नो पीडा पोख्ने र असल साथीको खोजीको क्रममा एकभन्दा बढी व्यक्तिसँग त्यस्ता

सम्बन्ध स्थापित हुने गर्छन् । त्यसैले विवाह सम्बन्धले मान्यता पाएमा आपसी सम्बन्धमा डर र शंकाको सट्टा माया र विश्वासले ठाउँ पाउन सक्ला भन्ने मलाई लाग्छ । सम्बन्धले मान्यता पाएमा सम्बन्धभित्र हुने हिंसाको सम्बोधन गर्ने कुनै निश्चित बाटो बन्नसक्छ ।

तेस्रो कारण, जन्मदाको बखत बालिकाको अंग लिएर जन्मिएपछि निश्चित उमेर पुग्नासाथ पुरुषसँग विवाह गर्नुपर्ने मान्यता छ । छोरीमान्छे एक्लै जीवन बिताउन सक्दैनन्, उसलाई एक पुरुषको खाँचो पर्दछ भन्ने सोच अनुरूप विवाहको दबाब आइपर्छ । त्यस्तोमा समलिंगी जोडीमध्ये कुनै एकको वा दुवैको विपरीत लिंगीसँग विवाह हुन सक्ने सम्भावनाले सम्बन्धमा डर पैदा हुन्छ । त्यही डरको निदानको लागि पनि एकभन्दा बढी व्यक्तिसँग उनीहरू सम्बन्धमा रहन पुग्छन् । केही तेस्रोलिंगी पुरुष भने मर्दपन देखाउनकै लागि एकभन्दा बढी सम्बन्धमा बस्ने गरेको मैले भेटेँ । मूलतः भविष्य प्रतिको असुरक्षा र एक्लोपनबाट छुटकारा पाउने उपायको रूपमा एकभन्दा बढी सम्बन्धमा रहेको मैले पाएको छु ।

***विवाहले दुई व्यक्तिलाई सम्बन्धमा बाँध्छ भन्नुभयो । साथै त्यस्ता सम्बन्धहरू, चाहे ती वैवाहिक मान्यता प्राप्त होस् या अरू कुनै आधारमा बनेका किन नहोस्, तीभित्रै पनि हिंसा हुने कुरा गर्नुभयो । विवाहले कसरी यस्ता समस्या समाधान गर्छ ? वैवाहिक मान्यताको माग मार्फत आन्दोलनले के पाउन चाहेको हो ? यदि तपाईंलाई छनोट गर्ने अवसर मिलेमा विवाह सम्बन्ध छान्नुहुन्छ ? यदि "सिभिल पार्टनरशिप" लाई वैवाहिक सम्बन्ध जत्तिकै कानूनी अधिकार प्राप्त भयो भने वैवाहिक सम्बन्धकै लागि वकालत गर्नुहुन्छ ?***

समाजले स्वीकारेको वैवाहिक सम्बन्ध होस् या नस्वीकारेको सम्बन्ध, दुवै खाले सम्बन्धमा हिंसा हुने गर्छ । मैले यहाँ समाजले अस्वीकारेको सम्बन्धमा हुने गरेका हिंसा र उत्पीडनको कुरा गरेको हुँ । मैले काम गर्दा देखे भेटेका विभिन्न खाले जोडीहरूमा एउटा कुरा समान थियो—पितृसत्तात्मक सोच र अभ्यास । समाजले महिला र पुरुषका लागि तोकेको छुट्टाछुट्टै दायरामा उनीहरू फिट हुन खोजिरहेकै थिए । कतिपयमा शारीरिक, मानसिक र भावनात्मक हिंसालाई आफ्नो पार्टनरले बढी माया गरेको बुझाइ रहेको भेटेँ । उदाहरणको लागि आफ्नो जीवनसाथीले बारम्बार फोन गरेर सोधखोज गरोस्, केही गर्न लाग्दा के र किन गर्न लागेको भनी सोधोस्, घर फर्कन ढिला भएमा किन ढिलो आएको भनी हकारोस्, आदि । केहीलाई त पार्टनरले कुटेको समेत मनपर्ने गरेको भेटेँ । तेस्रोलिंगी पुरुष र महिला बीचको सम्बन्धमा प्रायः जोडीमध्ये तेस्रोलिंगी पुरुष नै निर्णायक र हावी रहेको पाएँ । ऊसँग बस्ने महिलाले सँधै उसले भनेको मान्नुपर्ने, घर भित्रका काम गर्नुपर्ने, घर बाहिरको काम तेस्रोलिंगी पुरुषको हुने जस्ता अभ्यासहरू छन् । जोसँग पूँजी र बल छ,

जो पितृसत्तात्मक सोच अनुरूप पुरुषार्थयुक्त भूमिकामा देखिन वा उभिन चाहन्छ, उसैको भूमिका निर्णायक हुने गरेको छ ।

यस्ता सम्बन्धभित्र हुने हिंसा र यातनाका घटना बाहिर ल्याउन निकै गाह्रो छ । अधिकांशमा यस्तो सम्बन्धमा हिंसा हुँदैन भन्ने धारणा छ र भइहालेमा उजुरी गर्न चाहँदैनन् । यो सम्बन्धलाई यदि समाजले स्वीकारेको थियो भने दुई जनामध्ये जो कोहीमा हिंसा भए पनि बोल्ने हिम्मत गर्न सकिन्थ्यो । समाजले स्वीकार नै नगरेको सम्बन्धमा कानूनी सहायता खोज्न नसकिने हुँदा, डर त्रासले त्यस्तो हिंसा विरुद्ध आवाज उठाउन नसकिने अवस्था छ । जस्तै, हिंसाको कुरा बाहिर ल्याउन चाहेमा त्योभन्दा पहिले कसैले त्यस्तो सम्बन्धबारे थाहा पाउलान् र समाजले तिरस्कार गर्लान् भन्ने कुराले पिरोल्छ । त्यसमाथि जीवनसाथीसँग छुट्ने वा उसले छाड्ने डर उत्तिकै हुन्छ । सम्बन्धले पहिचान पाएको खण्डमा त्यस्ता मनोसामाजिक डर र त्रासबाट समुदायले मुक्ति पाउलान् भन्ने सोच हो । सम्बन्धको पहिचानले मात्रै हिंसा अन्त्य हुन्छ नै भन्ने आधार छैन, न्यून भने हुन सक्ला ।

पहिले समलिंगी विवाहको कानूनबारे बोल्ने गरेको नेपाली यौनिक तथा लैंगिक अल्पसंख्यकहरूको अभियानले अहिले आएर वैवाहिक समानताको कुरा उठाएको छ । समलिंगी विवाहले महिला-महिला र पुरुष-पुरुषबीच हुने विवाहलाई मात्र समेट्ने हुँदा विवाह भनेको दुई व्यक्तिबीच हुने सम्बन्धलाई मानिनुपर्छ भन्ने अभियानको मान्यता हो । ताकि यसले सबै खाले व्यक्तिहरूलाई समेट्न सकोस् । अहिले "जेण्डर फ्लुइड,"[६] "जेण्डर कोएर"[७] को रूपमा आफूलाई चिनाउन चाहने व्यक्तिहरू पनि छन् । यस्ता विविध लैंगिक पहिचान वा यौनिकताका व्यक्तिहरूलाई समेट्न सकिने गरी वैवाहिक सम्बन्धले मान्यता पाउनुपर्छ भन्ने हो ।

मेरो हकमा भन्नुपर्दा, विवाह व्यक्तिको छनोट, समय र परिस्थितिमा भर पर्छ । विवाहसँगै आउने हरेक सम्बन्ध र जिम्मेवारीहरूदेखि मलाई डर लाग्छ । विवाहपछि मात्र जिम्मेवारी थपिन्छन् भन्ने पनि होइन । तर विवाह एउटा यस्तो संयन्त्र हो जसको सकारात्मक र नकारात्मक पाटाहरू छन् । मेरो लागि विवाह सम्बन्ध नै जरुरी छैन । जब म अति खुशीमा हुन्छु या दुःखमा हुन्छु, सबैभन्दा पहिले सम्झने व्यक्ति वा साथी मसँग हुनु जरुरी छ । त्यो कुनै पनि लैंगिक पहिचान भएको व्यक्ति हुन सक्छ । सिभिल पार्टनरशिप विवाह जति नै

[६] जन्मदा अरूले छोरी भनेर चिने पनि केही व्यक्तिहरू पछि गएर आफूलाई पुरुष भनेर चिनाउन चाहन्छन् । सो पुरुष अरू पुरुषप्रति आकर्षित हुन सक्छन् । आफूलाई समलिंगी पुरुष भनेर चिनाउन सक्छन् ।

[७] जो व्यक्ति कुनै पारम्परिक लैंगिक भेदहरू नमान्ने र आफ्नो कुनै लैंगिक पहिचान नभएको, वा कुनै एक लिंगसँग पहिचान राख्ने, वा आफूमा दुवै लिंगहरूको सम्मिश्रण भएको मान्ने गर्दछन्, उनीहरूलाई जेण्डर कोएर भन्ने गरिन्छ ।

मान्यता भएको सम्बन्ध हो । यो सम्बन्धलाई सबै देशले विवाह जत्तिकै मान्यता दिएका छैनन् । विवाह यस्तो संयन्त्र हो जसलाई विश्वका हरेक मुलुकले मान्यता दिएको छ । त्यसैले विवाह पश्चात् वैवाहिक जोडीका रूपमा जुन देश गए पनि सो अन्तर्गत पाउनुपर्ने अधिकार अर्को साझेदार साथीले पाउँछ । त्यसै गरी, यदि सिभिल पार्टनरशिपमा रहेको जोडी छ भने उसले समान अधिकार नपाउन सक्छ ।

### *नेपालको महिला आन्दोलनले यौनिक अधिकार/स्वतन्त्रता/स्वायत्ततालाई कसरी सम्बोधन गरेको छ ?*

महिला हकअधिकारको पाटोबाट नेपालको महिला आन्दोलनले ठूलो फड्को मारिसकेको छ । महिला आन्दोलन र समलिंगी महिला अभियानले एउटै धरातलबाट यौनिकताको कुरा उठाउँछन् । तर महिला आन्दोलनले समलिंगी महिलाको विवाह सम्बन्धी अधिकार, परिवार बसाउन पाउने अधिकार, समलिंगी महिलाको यौन तथा प्रजनन् स्वास्थ्य अधिकारका कुरा उठाएको छैन । समलिंगी पुरुषका कुरा त त्यसले छुँदै छुँदैन । आजको विश्वमा विभिन्न प्रविधिको विकास भइसकेको छ, पहिलेको समयमा असम्भव जस्तो लाग्ने कार्य हाल आएर सहज भएको छ । सम्पूर्ण मानवलाई परिवार बसाउने अधिकार छ । आफै सन्तानको जन्म दिन नसक्ने वा नचाहनेहरूका लागि विभिन्न विकल्प आएका छन् । जस्तै, टेस्ट ट्युब बेबी, सरोगेसी, आदि ।[८] कानूनतः नेपालमा सरोगेसी दण्डनीय छ । आफ्नो बच्चा कसरी जन्माउने भन्ने कुरा व्यक्तिगत छनोटको विषय हो र यो यौन तथा प्रजनन् अधिकार पनि हो । यी दुवै प्रक्रियाद्वारा यौनिक तथा लैंगिक अल्पसंख्यक व्यक्तिले सन्तानको चाहना र आवश्यकता पूरा गर्न सक्नेछन् । त्यसको अलावा तेस्रोलिंगी महिला र समलिंगी पुरुषहरूले धर्म-सन्तान राख्न सक्नेछन् ।

महिला आन्दोलनभित्र विशेष गरी समता र समानता बारेमा बृहत् छलफल हुने गर्छ । त्यो पनि धेरैजसो बोलीमा मात्र सीमित छ । पछिल्लो समयमा आएर वैवाहिक बलात्कारबारे छलफल शुरू भएको छ । यस बारेमा कानून समेत बनिसकेको छ । वैवाहिक सम्बन्ध पश्चात् कुनै पनि महिलाले बच्चा जन्माउन पाउँछ । तर बच्चा कति जन्माउने, कहिले जन्माउने वा नजन्माउने निर्णय लिन महिलाहरू स्वतन्त्र छैनन् । समलिंगी महिलाले आमा बन्न पाउने कि नपाउने भन्ने कुरामा निर्णय लिने कुनै आधार नै छैन । मेडिकल प्रविधिमा भएको विकासको सहारामा बच्चा जन्माएका समलिंगीहरूलाई पनि समस्या छ । जन्मेको

[८] टेस्ट ट्युब बेबी ट्युबमा गरिने केही समयको निषेचन पश्चात् पाठेघरमा स्थानान्तरित गरी बच्चा जन्माउने प्रविधि हो । अरू कसैको पाठेघरभित्र बच्चा राखेर जन्म नहुञ्जेल सम्मको लागि पाठेघरलाई भाडामा लिई बच्चा जन्माउने प्रक्रिया सरोगेसी हो ।

बच्चाको जन्म दर्ताका लागि बाबुआमाको विवाह दर्ता मागिन्छ । समलिंगी विवाहले मान्यता नपाएको देशमा विवाह दर्ताकै कारण उनीहरूले सन्तान बनाउन वा राख्न कठिनाइ छ । नयाँ देवानी र फौजदारी कानूनले विवाह भनेको महिला र पुरुषबीच मात्रै हुन्छ भनेर उल्लेख गरेको हुँदा समलिंगी समुदायको विवाह गर्न पाउने अधिकार समेत गुमेको छ । हुन त “सिभिल युनियन,” “सिभिल पार्टनरशिप,” “लिभिङ टुगेदर” जस्ता शब्दहरू दुई व्यक्ति बीचको सम्बन्ध चिनाउनको लागि प्रयोगमा ल्याइएका छन् । तर सबैमा केही न केही सीमितता छन् । यौनिकताको विषयमाथि यस्ता धेरै कुराहरू सहित छलफल भएको छैन । यद्यपि, केही घटना भएमा अहिले हामीसँग केही लिखित वा कानूनी प्रावधान छन् । माथि उल्लेख गरेको नेपालको सर्वोच्च अदालतले यस समुदायको हकमा सन् २००७ मा दिएको फैसला, नेपालको नयाँ संविधानको धारा १२ ले दिएको पहिचान अनुसारको नागरिकताको अधिकार, धारा १८ ले दिएको समानताको अधिकार र धारा ४२ ले दिएको सामाजिक न्यायको अधिकारमाथि टेकेर समलैंगिकताको विषयलाई उठाउन सहज भएको छ ।

***महिला आन्दोलन र यौनिक तथा लैंगिक अल्पसंख्यक आन्दोलनले एक अर्कालाई राम्रोसँग कसरी सहयोग गर्न सक्छन् जस्तो लाग्छ ?***

यी दुवै आन्दोलन एक अर्काका परिपूरक हुन् । समलिंगी महिला जो यौनिकताका आधारमा मात्रै फरक छन्, उनीहरूको मुद्दा र यौनिकताको छलफलबिना महिला अभियान पूरा हुँदैन । यौनिक तथा लैंगिक अल्पसंख्यकहरूको अभियानले समेत महिला अभियानसँग नजोडिई उपलब्धि ल्याउन सक्दैन । यी दुवै अभियानका मुद्दाहरू एक आपसमा जोडिएका छन् । दुवैलाई सँगै लगिएको खण्डमा दुवै अभियानलाई थप बल मिल्छ । यी दुवैको उद्देश्य लैंगिक समानता कायम गर्ने र लैंगिकता तथा यौनिकताका आधारमा हुने विभेद र हिंसा रोक्ने नै हो । समानताको लडाइँमा महिला र यौनिक तथा लैंगिक अल्पसंख्यक अधिकारकर्मीले कागजी रूपमा धेरै कुरा पाएका छन् । तर ती अधिकारहरू नीति र कार्यक्रममा प्रतिबिम्बित भएको छैन । यसका लागि सरकारलाई दबाब दिन दुवैको साझा अभियानको खाँचो छ । यौनिकता सम्बन्धी शिक्षा र सचेतनाका लागि पनि सँगै हुनुपर्ने आवश्यकता छ ।

***समलिंगी र द्विलिंगी महिला र तेस्रोलिंगी पुरुषलाई कानूनी व्यवस्थाले कसरी बाधा सिर्जना गरेको छ ?***

सन् २०१२ को कुरा, एक व्यक्तिले विवाह गरेर एक बच्चाको आमा भइसकेपछि आफ्नो यौनिकताबारे थाहा पाउनुभयो । उहाँले इच्छाएको व्यक्तिसँग बस्ने निर्णय गर्नुभयो । तर परिवारले मानेन र उक्त घटनाले ठूलो रूप लियो । सो घटना पश्चात् उहाँका परिवारले

महिला पुनर्स्थापना केन्द्र (ओरेक) नेपाल र मितिनी नेपाल घेराउ गरे । उहाँलाई सुरक्षाको लागि माइती नेपालको पुनर्स्थापना केन्द्रमा राखियो । सो घटनालाई आधार मानेर सर्वोच्च अदालतमा मुद्दा हालियो । सर्वोच्च अदालतले उमेर पुगेका बालिग व्यक्तिले आफूले इच्छाएको जो कोहीसँग पनि सँगै बस्न सक्नेछन् भनेर फैसला दियो ।

फैसला भए पनि समलिंगी सम्बन्धले कानूनी मान्यता पाउन सकेको छैन । समग्रमा यौनिक तथा लैंगिक अल्पसंख्यकलाई राज्यले अल्पसंख्यकको परिभाषा भित्र समेटेको छैन । अल्पसंख्यक समुदायको लागि राज्यद्वारा उपलब्ध सेवा सुविधाहरू पाउनबाट यौनिक तथा लैंगिक अल्पसंख्यक समुदाय वञ्चित छन् । समलिंगी र द्विलिंगी महिला र तेस्रोलिंगी पुरुषहरूको एक खालको पहिचान दिलाइए पनि कानूनी अधिकार प्राप्त भएको छैन । पछाडि पारिएको वर्गको लागि उपलब्ध सामाजिक सुरक्षा, छात्रवृत्ति, अस्पतालमा पाइने छुट, रोजगारी, समावेशी एवं समानुपातिक सहभागिता र प्रतिनिधित्व लगायतका अवसरहरूबाट वञ्चित छन् । त्यस्तै, पैतृक सम्पत्ति माथिको अधिकार, पेन्सन, बिमा, परिवार बसाल्ने अधिकार आदिबाट वञ्चित छन् । अभियानमा योगदान पुऱ्याएका व्यक्तिहरूले आफ्नो समुदायको तर्फबाट राजनीतिक प्रतिनिधित्व गर्न र अन्य विभिन्न निकायहरूमा संलग्न हुनबाट वञ्चित भइरहेका छन् । जस्तै, गएको स्थानीय चुनावमा तेस्रोलिंगीको नागरिकता भएकै कारणले बद्री पुनको उम्मेदवारी दर्ता भएन । समावेशी नीति अनुरूप महिला र पुरुषको रूपमा मात्रै समावेशी उम्मेदवारीको प्रावधान रहेकोले त्यसो हुन गयो । कानूनी आधार नहुँदा त्यस्तो घटनामा औपचारिक कारवाहीको प्रक्रिया अपनाउन सकिएन ।

***नेपालको अहिलेको सामाजिक-राजनीतिक सन्दर्भमा अधिकार र पहिचानको लागि संघर्षरत अरू सीमान्तकृत समुदाय तथा समूहहरूसँग यौनिक तथा लैंगिक अल्पसंख्यकहरूको संघर्ष के-कति समान र फरक छन् ?***

पहिलेको दाँजोमा यौनिक तथा लैंगिक अल्पसंख्यकहरू यही समाजको हिस्सा हुन् भन्ने धेरैलाई थाहा छ । समर्थन गरे झैँ गरे पनि वास्तविकता स्वीकार्न नसकेको अवस्था छ । यो समुदायलाई सहानुभूतिको आधारमा अधिकार र स्थान दिए झैँ गरिएको छ । समुदायलाई स्वीकारेर उनीहरूको मानवअधिकारको उपभोग गर्ने गराउने हेतुले ती अधिकार प्रदान गरिएका छैनन् । अभियानमा संलग्न एक जना व्यक्तिले मसँग भनेका थिए, “म यो समुदायसँग काम गर्छु । समुदायलाई राम्रोसँग बुझेको छु । समुदायका व्यक्तिहरूसँग काम गर्दा, भेट्दा, बोल्दा कुनै अप्ठ्यारो भोगेको छैन । तर यदि मेरो बच्चाले मलाई म यो समुदायको हो भन्यो भने त्यो स्वीकार्न सक्दिनँ । मैले त मानुँला, मेरो घर परिवार र समाजले स्वीकार्दैन । त्यसैले म पनि उसलाई यस्तो गर्नबाट रोक्नेछु ।” यस्तो सुन्दा मलाई अचम्म लागेन । आखिर उनी पनि यही समाजका हुन्, जहाँ विपरीतलिंगी सम्बन्धलाई

मात्र प्राकृतिक मानिन्छ र पुरुषलाई सर्वमान्य । हाम्रा धर्म ग्रन्थमा समेत तृतीय प्रकृतिका व्यक्तित्व भएका पात्र र समलिंगी सम्बन्धबाट जन्मेका चरित्रहरू छन् । जस्तै, शिव र अग्निका छोरा कुमार हुन्, भगीरथ राजा जो दुई महिलाको सम्बन्धबाट जन्मेको कुरा उल्लेख छ । वैज्ञानिक तवरबाट हेर्दा सम्भव हुन नसक्ने कुरा विभिन्न हिन्दु धर्म ग्रन्थहरूमा उल्लेख छ, जुन मानिएको पनि हो । अन्य अभियानका अभियन्ताहरूले यस्ता कुरा झेलिरहनु पर्दैन । उनीहरूको पहिचानलाई समाजले एक प्रकारले अपनाएको छ ।

### *तपाईंलाई के कुराले सबैभन्दा बढी दिक्क पार्छ ?*

मलाई सबैभन्दा दिक्क लाग्ने कुरा समाजको पितृसत्तात्मक सोचले ग्रस्त सामाजिकीकरणको अभ्यास हो । धेरैजसोमा हामी अरूभन्दा फरक छौँ, सर्वमान्य र स्वीकार्य छौँ भन्ने अहम् छ । नयाँ वा फरक सोच वा धारणालाई रत्तीभर स्वीकार्न चाहेको भने भेटिँदैनन् । फरक किसिमका यौनिकताबारे सही तरिकाले जान्ने बुझ्ने सम्मको रुचि देखाउँदैनन् । कसैको फरक चाहना र पहिचान हुन सक्छ, त्यसबारे थाहा पाउनुपर्ने कुराहरू धेरै हुन सक्छन् भन्ने सोच अपनाउनै नचाहने धेरै छन् । त्यही अभ्यासको प्रभावका कारण यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायभित्र समेत पितृसत्तात्मक सोच हावी छ । जसले सबै जना आफू भएर होइन कि अरूले आफूमा के देख्न चाहन्छ सोही अनुरूप बाँच्ने होडमा अभ्यस्त पारिएका छन् । यसरी व्यक्ति-व्यक्तिमा रहेको भिन्नतालाई स्वीकार्नै नचाहने प्रवृत्ति जतातत्तै देख्दा, भेट्दा मलाई साह्रै दिक्क लाग्छ ।

### *एक कोएर महिला अभियन्ताको रूपमा तपाईं सामु भएका चुनौतीहरू के-के हुन् जस्तो लाग्छ ?*

महिला अभियानका अभियन्ताहरू बीचमा यौनिकताका विषय पर्याप्त रूपमा छलफलमा ल्याउन सकिएको छैन । अग्रपंक्तिमा रहेका महिला अधिकारकर्मीहरूले पछिल्लो समयमा यौनिकतालाई छलफलको विषय बनाउनु पर्नेमा सहमति जनाउन थालेका छन् । तर त्यो पर्याप्त छैन । समलिंगी र कोएर महिलाबारे नील हिरा समाजबाट उपस्थित व्यक्तिले नै कुरा उठाउनुपर्छ वा उठाउँछन् भन्ने मनस्थिति बलियो छ । लैंगिकता र यौनिकता सबैको साझा सवाल हो भन्ने सोचको विकास भएको छैन । यो मुद्दा कुनै एक संस्था विशेष र समूह विशेषको मात्रै हो भनेर ठानिरहँदा हामीले चाहे जस्तो समाज बन्न गाह्रो छ । महिला अधिकारकर्मीहरूमा रहेको अल्पज्ञानका कारण कतिपय सार्वजनिक थलोमा समलिंगी महिलाहरू अपहेलित भएका छन् । समलिंगी र तेस्रोलिंगी बारेमा सवाल उठाउँदा उनीहरूलाई अनौठो किसिमले हेरिन्छ । गिज्याइपूर्ण हेराइमा अझै परिवर्तन भएको छैन ।

त्यस्तो व्यवहारले गलत प्रश्न उठाइएको वा गलत ठाउँमा प्रश्न गरिए झैँ बोध हुन्छ । म आफैले धेरै पटक त्यस्तो महसुस गरेको छु । सन् २०१४ मा धुलिखेलमा एउटा कार्यक्रम भएको थियो । त्यसमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहभागीहरू आमन्त्रित थिए । निमन्त्रणा पाएरै म त्यसमा सहभागी थिएँ । नील हिरा समाजबारे सबै थाहा पाएरै आयोजकले निमन्त्रणा पठाएको हुनुपर्छ । सहभागीको रूपमा मैले कार्यक्रममा आफ्नो परिचय दिएपछि एकजना महिला मसँग बोल्न छाड्नुभयो । उहाँले अर्को सहभागीसँग गएर मेराबारे केही नकारात्मक टिप्पणी गर्नुभएछ । मैले आफू अपमानित भएको र मेरो भावनाको कदर नभएको महसुस गरेँ । अर्का सहभागीले कसैलाई भेदभाव गर्न नहुने कुरा गरेपछि उहाँ फर्केर मकहाँ आउनुभयो । समुदाय बारेमा थप कुराहरू जान्न खोज्नुभयो ।

सधैँ नै अनेक लाञ्छना र विभेद तथा शोषणको सिकार हुनुपर्ला भन्ने त्रासमा बाँच्नु जत्तिको कठिन जीवन अरू हुन सक्दैन । एक कोएर महिला अभियन्ताको रूपमा मेरा लागि सामाजिक संरचना र त्यसलाई जीवितै राख्न अभ्यासमा रहेका संस्कृति र मानसिकता बदल्ने ठूलो चुनौती छ । यही सामाजिक संरचना र मानसिकता अन्तर्गत समुदायका व्यक्ति आफैले आफैलाई स्वीकार्न समेत गाह्रो छ । समाजमा स्वीकार्य हुन त निकै टाढाको कुरा छ । मेरो र समग्र समुदायकै लागि संविधानले दिएको संवैधानिक अधिकार तथा केही कानूनी अधिकारको कार्यान्वयन गर्न उत्तिकै चुनौतीपूर्ण छ ।

***अहिलेको समयमा यौनिक तथा लैंगिक अल्पसंख्यक आन्दोलनको जोड केमा हुनुपर्छ ? र, त्यो समग्र समुदाय र तपाईं आफ्नै लागि पनि किन महत्त्वपूर्ण छ जस्तो लाग्छ ?***

सरोकारवालाहरूसँग गरिएका विभिन्न क्रियाकलाप र छलफलमा हुने अन्तरक्रियाहरूले स्पष्ट देखाउँछ कि यौनिक तथा लैंगिक अल्पसंख्यकको अभियान छोटो समयमै केही अघि बढ्यो । तापनि हाम्रो समाज र समाजमा बस्ने मानिसहरूको पुरानो मानसिकता जहीँको त्यहीँ छ । प्रायः जसो सरकारी निकाय, सरोकारवाला र सामाजिक सञ्जाल प्रयोगकर्ताहरू यस बारेमा जानकार छन् । तैपनि शिक्षा, स्वास्थ्य, रोजगारमा समुदायको पहुँच पुऱ्याउन, समाजले तोकिदिएको भन्दा फरक व्यवहार र चाहना भएकै आधारमा आम जीवन जिउनबाट वञ्चित हुन नदिन व्यापक जनचेतना जगाउनु जरुरी छ । अझै पनि समुदायको क्षमतामाथि विश्वास गरिँदैन । उनीहरूलाई काम गर्ने र आफूलाई निखार्ने अवसर दिइँदैन । समुदायले पाउनुपर्ने सम्मान अझै पाएको छैन । त्यसले सामाजिक मान्यता पाउने कुरामा निकै प्रभाव पारिरहेको छ ।

नेपालको नयाँ संविधान अनुसार कुनै पनि व्यक्तिले नयाँ नागरिकता लिँदा तेस्रोलिंगी अन्तर्गत लिन सक्छ । पहिल्यै नागरिकता लिइसकेको व्यक्तिको हकमा नाम परिवर्तन

नगरीकन लिंग परिवर्तन गर्न सक्ने अधिकार दिएको छ । त्यसबाट नागरिकता वा पहिचानको एक खालको अधिकार प्राप्त भएको छ । तिनको कार्यान्वयनको लागि उचित कानूनी व्यवस्था नभएको वा प्रावधानहरूको कार्यान्वयन नहुँदा ती अधिकारको उपभोग गर्न पाएका छैनन् । जस्तै, तेस्रोलिंगी महिला र पुरुषहरूले आफ्नो लैंगिक पहिचान अनुरूप नागरिकता लिन पाउने त भए । तर नागरिकता लिए पनि पुरानै नाम लिएर हिँड्न बाध्य छन् । यति मात्र नभएर "अन्य" उल्लेख गरेर लिएको नागरिकता लिएर राहदानीका लागि पेश गर्दा चाहिँ महिला र पुरुष उल्लेख गरेर नै राहदानी प्राप्त भैरहेको छ । त्यसैले राज्य र संविधानले सुनिश्चित गरेको अधिकारलाई देशका कानून र नीतिमा ढाल्नु, सो नीति सम्बन्धमा समुदायमा विस्तृत जानकारी गराउनु आन्दोलनको मुख्य ध्येय हुनुपर्छ । समुदायको सामाजिक स्वीकार्यताका लागि अझै धेरै काम गर्न जरुरी छ । मिडिया कभरेज बढाई कार्यक्रम सञ्चालन गर्नु गराउनु पर्छ । सधैँ दातृ निकायमा मात्र निर्भर नहुन र सामाजिक मान्यता पाउनका लागि आर्थिक रूपले अभियान र अभियानमा संलग्न सबैलाई सबल बनाउन क्षमता अभिवृद्धि गर्ने र आत्मनिर्भरताका लागि साना उद्योग व्यवसायमा समेत संलग्न गराउनुपर्छ ।

## प्रस्तोता परिचय

**कुमुद राना** युनिभर्सिटी अफ ग्लास्गो, स्कटल्याल्डमा विद्यावारिधि गर्दैछिन् । उनले यौनिक तथा लैंगिक अल्पसंख्यकको आन्दोलन, नारीवाद र विकासबारे अध्ययन अनुसन्धान गरेकी छन् । ईमेल : rana.kumud@gmail.com